त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

**५ नं प्रदेश**

## सिलवन्दि दरभाउ पत्र आव्हान सम्वन्धि सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मितिः२०७५/१०/०४

१. यस गाउँपालिकाले परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनसम्म सिलबन्दी दरभाउपत्रको फारम (यस कार्यालयममा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व २०७४/०७५ सम्मको कर चुत्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७५/०७६ को कर/आय विवरण पेश गरेको प्रमाणित प्रतिलिपी र निवेदन) साथ पेश गरेपछि नियमानुसार सिलवन्दी दरभाउ पत्रको फारम दस्तुर रु.१०००/- (रकम फिर्ता नहुने गरी) बुझाएपछि यस कार्यालयबाटै उपलब्ध गराइने छ ।

३. खरिद गरिएका सिलवन्दी दरभाउ पत्र फारमको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउन सकिने छ । (१६ औं दिनका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन दर्ता गराउन सकिने छ ।)

४. सिलवन्दी दरभाउ पत्र फारम साथ जमानत वापतको रकम यस गाउँ कार्यपालिकाको कार्यालयको ने.इ.बै.लि. रोल्पा मा रहेको खाता नं ०७१०१०४०२५१४६४ को धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर रसिद विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा फर्म कम्पनी, संस्थाकाहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका सिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

७ .सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८ .अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३(संशोधनसहित) तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधनसहित) अनुसार हुनेछ ।

९. अन्य थप केही कुराहरु बुझ्नु परेमा त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र कार्यालयको टोल फ्रि नं. १६६०८६४४९६५ मा सम्पर्क गर्न सकिने छ ।

| सेवा विवरण | कार्यक्षेत्र | बोलपत्रफारम दस्तुर | जमानत रकम |
|---|---|---|---|
| • IEE सम्वन्धि परामर्श सेवा | • गाउँपालिकाको भवन निर्माण योजनाको लागि प्रस्तावित जग्गा<br>• राष्ट्रिय युद्ध संग्राहालय तिला रोल्पा<br>• ढोरेनी कवरगाउँ सिरुवालि मो.वा. निर्माण योजना | १०००/- | कम्तिमा कबोल अंकको २.५प्रतिशत |

२०७५/१०/०४

अमर बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत